**राक्सिराङ्ग गाउँसभा**

**उन्नाईसौं (हिउँदे) अधिवेशन**

**बैठक संख्या—१**

**गाउँसभाको उन्नाईसौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत "चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा गाउँसभाबाट अनुमोदन गर्ने" सम्वन्धी प्रस्ताव**

प्रस्ताव नं. :०१

मितिः २०८२/०९/२३ गते बुधबार

स्थानीय तहको सर्वोच्च निकायको रुपमा रहेको गाउँसभालाई कार्यकारिणी संस्थाको रुपमा रहेको गाउँ कार्यपालिकाले र गाउँसभा तथा गाउँ कार्यपालिकाको निर्णयानुसार गाउँ कार्यपालिकाको कार्यालयबाट भए गरेका काम कारवाहीहरु जानकारी गराई स्थानीय सरकार सञ्चालन ऐन २०७४, सुशासन ऐन तथा नियमावली बमोजिम पारदर्शितालाई प्रवर्द्धन गर्दै विधिको शासनलाई संस्थागत गर्न राक्सिराङ्ग गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ को प्रथम ६ (छ) महिना (हालसम्म) मा गरेका काम, कारवाहीको संक्षिप्त समीक्षा गाउँसभाका सदस्यहरुलाई जानकारी गराउँदै चालु आर्थिक वर्षको ६(छ) महिनामा भएको तपशिल अनुसारको अर्धवार्षिक समीक्षा अनुमोदन गर्ने ।

**आ.व. २०८२/०८३ को अर्धवार्षिक समिक्षाको संक्षिप्त प्रतिवेदन**

राक्सिराङ्ग गाउँपालिकाको सम्मानित सभाको अठारौ अधिवेशनबाट पारित भएको चालु आर्थिक बर्षको नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था निम्नानुसार रहेको छ ।

चालु आर्थिक बर्षको लागि कुल बजेट रु. ६३ करोड ५२ लाख ३१ हजार २ सय ८९ अनुमान गरिएकोमा हालसम्म १३ करोड २९ लाख ९० हजार ५ सय १९ रुपैयाँ पैसा ६१ कुल बजेटको २० दशमलव ९३ प्रतिशत खर्च भएको छ ।

वित्तीय क्षेत्रतर्फ चालु खर्च रु. ४१ करोड ६० लाख ४४ हजार ४ सय ७२ हुने अनुमान गरिएकोमा समिक्षा अवधिसम्म रु. ११ करोड ४२ लाख २४ हजार ५ सय ४९ रुपैया पैसा ११ (२७.४५ प्रतिशत खर्च) र पुंजीगत तर्फ रु. २१ करोड ९१ लाख ८६ हजार ८ सय १७ अनुमान गरिएकोमा समिक्षा अवधिसम्म रु. १ करोड ८७ लाख ६६ हजार ३ सय ७० पैसा ५० (करिब ८ दशमलब ५६ प्रतिशत) खर्च भएको अवस्था छ ।

यस गाउँपालिकाको चालु आर्थिक वर्षको विषय क्षेत्रगत अर्धवार्षिक वित्तीय प्रगतिको अवस्था निम्नानुसार रहेको कुरा सम्मानित सभा समक्ष निवेदन गर्दछु ।

**क्षेत्रगत बजेट तथा खर्च**

आ.व. : २०८२/०८३ महिना : पौष, अवधि : २०८२/०४/०१-२०८२/०९/२२

| सिन. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,५०,८५,०००.०० | ६,७४,५१०.०० | १.९२ |

| क्षेत्रगत बजेट तथा खर्च | | | | |
|---|---|---|---|---|
| आ.व. : २०८२/०८३ महिना : पौष अवधि : २०८२/०४/०१-२०८२/०९/२२ | | | | |
| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| २ | सामाजिक विकास | २४,८७,३७,८१७.०० | ७,०७,३४,३०५.१८ | २८.४४ |
| ३ | पूर्वाधार विकास | १८,७७,७७,०००.०० | १,८९,६६,३८०.५० | १०.१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७३,०६,०००.०० | ३७,८२,८००.०० | ५१.७८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,६३,२५,४७२.०० | ३,८८,३२,४४३.९३ | २४.८४ |
| | कुल जम्मा | ६३,५२,३१,२८९.०० | १३,२९,९०,५१९.६१ | २०.९३ |

राजस्व संकलन तर्फ कूल अनुमानित आन्तरिक आय (बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय सहित) रु. ८ करोड ७९ लाख ३० हजार रहेकोमा हालसम्म तपसिल शिर्षकहरुबाट जम्मा १ करोड ४६ लाख ५६ लाख ९ सय ५ पैसा २५ दाखिला भएको छ । जुन प्रास्तावितको १६.६७ प्रतिशत रहेको छ ।

| आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/०९/२२ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम | कैफियत |
| १ | ११३२१ | वहाल कर | ४६,२३०.६८ | |
| २ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ५५,०००.०० | |
| ३ | ११६९१ | अन्य कर | २,०००.०० | |
| ४ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १६,३००.०० | |
| ५ | १४२२१ | न्यायिक दस्तूर | ६००. | |
| ६ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ८४,५००.०० | |
| ७ | १४२४२ | नक्सापास दस्तुर | ६,६८१.९९ | |
| ८ | १४२४३ | सिफारिश दस्तुर | १२,७००.०० | |
| ९ | १४२४९ | अन्य दस्तुर | ९४,६००.०० | |
| १० | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १७,०००.०० | |
| ११ | १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | २३,७२०.०० | |
| १२ | १४५२९ | अन्य राजस्व | ६,५०,९६४.८० | |
| १३ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | १,३६,४६,६०७.७८ | |
| | | कुल जम्मा | १,४६,५६,९०५.२५ | |

**यसैगरी अन्य स्रोतहरुबाट हालसम्म प्राप्त निकासा निम्नानुसार रहेको छ ।**

१. संघीय सरकारबाट प्राप्त हुने सबै अनुदान समिक्षा अवधिसम्म **१४ करोड ५५ लाख ७२ हजार** जुन प्रस्तावित आयको ४३.७३ प्रतिशत

२. प्रदेश सरकारबाट प्राप्त हुने सबै अनुदान समिक्षा अवधिसम्म **१ करोड ६८ लाख ३१ हजार** जुन प्रस्तावित आयको २५ प्रतिशत

३. राजश्व बाँडफाँड समिक्षा अवधिसम्म **५ करोड ३९ लाख २८ हजार ३ सय १ पैसा ४२** जुन प्रस्तावित आयको २९.९५ प्रतिशत

चालु आर्थिक वर्षमा गाउँसभाद्वारा स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वियनका सन्दर्भमा देहायका प्रमुख समस्या तथा चुनौतिहरु देखिएका छन् ।

- वडाहरुमा उपभोक्ता समितिबाट सम्पादन हुने योजनाहरुको लागि समयमै उपभोक्ता समिति गठन नहुनु।
- आन्तरिक आयको मुख्य स्रोतको रुपमा नदिजन्य पदार्थको निकासी तथा बालुवा उद्योगहरु सग मौज्दात निम्न रहेको
- अघिल्लो बर्षहरुमा जस्तो बालुवा चाली डम्पिङ गर्ने प्रकृतिमा कमि रहेको
- नदिजन्य पदार्थ उत्खनन गर्न आवश्यक पर्ने प्रारम्भिक बातावरण परिक्षण प्रक्रियामा रहेकोले ठेक्का प्रक्रिया ढिलाइ रहेको
- सामुदायिक भवन, चर्च, मन्दिर, गुम्बा लगायतका भवन निर्माण सम्बन्धि कार्यमा नियामक निकायबाट प्राप्त निर्देशन कार्यान्वयन गर्दा प्रकृयागत प्रशासनिक जटिलता बढ्नु ।
- संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित अनुदानहरु समयमै निकासा नहुनु ।
- गाउँपालिका कार्यालय र अन्तर्गतका वडाहरुमा पर्याप्त भौतिक संरचना प्रर्याप्त नहुनु साथै राजश्वको क्षेत्रहरु समिति हुनु।

गाउँपालिकाको योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्यांकन तथा सोको संरक्षण र दीगो उपयोगमा संलग्न सवै पक्षहरु दत्तचित्त भएर लाग्नसके पूर्वनिर्धारित लक्ष्य हासिलगर्न सकिने देखिन्छ ।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्ने ।**

| | | | |
|---|---|---|---|
| ............<br>शुक्र बहादुर प्रजा<br>वडा सदस्य | ............<br>जनक बहादुर सारु मगर<br>वडा सदस्य | ............<br>चमेली माया सुनार<br>वडा सदस्य | ............<br>सुर्य बहादुर थिङ्<br>वडा सदस्य |

| | | | |
|---|---|---|---|
| दिल बहादुर स्याङ्गतान<br>वडा सदस्य | शान्ती माया विश्वकर्मा<br>वडा सदस्य | मनमाया थिङ्ग स्याङ्गतान<br>वडा सदस्य | सुनिल ब्लोन<br>वडा सदस्य |
| केशव चेपाङ<br>वडा सदस्य | पार्वती सुनार<br>वडा सदस्य | सन्त माया चेपाङ<br>वडा सदस्य | तिलक बहादुर मुक्तान<br>वडा सदस्य |
| भिम बहादुर प्रजा<br>वडा सदस्य | विमला वि.क.<br>वडा सदस्य | अनिसा प्रजा<br>वडा सदस्य | विसन कुमार प्रजा<br>वडा सदस्य |
| विराजमान प्रजा<br>वडा सदस्य | मिठु माया प्रजा<br>वडा सदस्य | राम शरण मुक्तान<br>वडा सदस्य | मदन स्याङतान<br>वडा सदस्य |
| सिता थिङ<br>वडा सदस्य | केदार सुवेदी<br>वडा सदस्य | निर्मला दोङ<br>वडा सदस्य | गंगा वि.क.<br>वडा सदस्य |
| अनिता शाह<br>वडा सदस्य | प्रदिप मुक्तान<br>वडा सदस्य | अर्जुन थिङ<br>वडा सदस्य | शारस थिङ<br>वडा सदस्य |
| पूर्ण बहादुर मुक्तान<br>वडा सदस्य | भिम बहादुर मुक्तान<br>वडा सदस्य | सुमित्रा वि.क.<br>वडा सदस्य | आस माया थिङ<br>वडा सदस्य |
| चन्द्रमान प्रजा | सिङ्गलाल प्रजा<br>कार्यपालिका सदस्य | शान्ता कुमारी अर्याल<br>कार्यपालिका सदस्य | शुशिला सुनार<br>कार्यपालिका सदस्य |

| | | | |
|---|---|---|---|
| कार्यपालिका सदस्य | | | |
| ...................... सजिना मुक्तान नेपाली कार्यपालिका सदस्य | ...................... सुजता दमाइ कार्यपालिका सदस्य | ...................... राम कुमार बाल्वा थिङ वडा अध्यक्ष | ...................... युसाई प्रजा वडा अध्यक्ष |
| ...................... राम बहादुर प्रजा वडा अध्यक्ष | ...................... अकल बहादुर मोक्तान वडा अध्यक्ष | ...................... हरि बहादुर प्रजा वडा अध्यक्ष | ...................... संजय कोइराला वडा अध्यक्ष |
| ...................... उत्तम वाइबा वडा अध्यक्ष | ...................... बुद्ध राम मुक्तान वडा अध्यक्ष | ...................... बाबी राम मुक्तान वडा अध्यक्ष | |
| ...................... बनस्तम थिङ्ग उपाध्यक्ष | ...................... राजकुमार मल्ल अध्यक्ष | | |

CamScanner